नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

पत्र संख्याः-

च.नं.: -

सम्माननीय प्रधानमन्त्रीज्यूले आज बिहान स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव, प्रमुख विशेषज्ञ, स्वास्थ्य सेवा विभागका महानिर्देशक लगायत उच्च पदाधिकारीहरूसँग कोभिड-१९ महामारीको वर्तमान स्थिति, तेस्रो लहर विरूद्धको तयारी तथा हाल चलिरहेको खोप अभियानका सन्दर्भमा जानकारी लिनुभयो। सो अवसरमा मन्त्रालयका तर्फबाट कोभिड-१९ महामारीको पछिल्लो अवस्था, खोप अभियानको हालको अवस्था, चुनौति तथा आगामी योजनाका बारेमा प्रस्तुति भयो।

सम्माननीयज्यूबाट कोभिड-१९ को परीक्षण, उपचारका सन्दर्भमा अक्सिजनको अवस्था, तेस्रो लहर विरूद्ध तयारी तथा खोप अभियानलाई चुस्त र व्यवस्थित गर्दै महामारीको व्यवस्थापनमा कुनै कमी हुन नदिने गरी काम गर्न र खोप अभियानलाई व्यवस्थित गर्दै भिडभाड तथा पर्खनुपर्ने समय कम गर्न जनशक्ति तथा खोप केन्द्रहरू थप गरी व्यवस्थापन गर्न निर्देशन दिनुभयो।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि ४४,३२९ थान विभिन्न मेडिकल उपकरणहरू पैठारी भएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार देशभर सबै अक्सिजन उद्योगहरू सञ्चालनमा रहेका र अक्सिजनको आपूर्ति सामान्य अवस्थामा रहेको छ। उपत्यकामा ५,२७१ सिलिण्डर र उपत्यका बाहिर ७,०३५ गरी कूल १२,३०६ अक्सिजन सिलिण्डरको उत्पादन भइरहेको छ। संयुक्त बजार अनुगमन टोलीद्वारा नियमित बजार अनुगमनको क्रममा दुईवटा फर्मको अनुगमन गरिएको छ।

२०७८ साउन ३

(किरणराज शर्मा)
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np